सिटिजन हेल्पडेस्क बुलेटिनको चौथो अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## प्रश्न



**कालिका, सिन्धुपाल्चोक**

"महिलाहरूलाई घरेलु कामदारको रुपमा वैदेशिक रोजगारीमा जान रोक लगाएको छ रे ? केही समयकालागि मात्र रोक्का गरेको हो कि सधैंकालागि होला ?"

**जीवनपुर, धादिङ**

"अब महिलाहरू वैदेशिक रोजगारमा जान नपाउने नै हुन् त ?"

**नाला, काभ्रेपलाञ्चोक**

"वैदेशिक रोजगारीमा जाने भनेर हाउस किपिङको तालिम पनि लिएँ तर, सरकारले महिलाहरूलाई वैदेशिक रोजगारीमा जान रोक लगाएको छ भन्ने सुनियो। के गर्ने होला ?"

## जवाफ

वैदेशिक रोजगार विभागले घरेलु काममा जाने महिलालाई श्रम स्वीकृति दिन छाडेको छ।

संसदको अन्तराष्ट्रिय सम्वन्ध तथा श्रम समितिको निर्देशनपछि वैदेशिक रोजगार विभागले अर्को व्यवस्था नभएसम्मका लागि श्रम स्वीकृतिमा रोक लगाएको छ।

घरेलु काममा जाने नेपाली महिला बेचबिखनमा परेको र खाडी मुलुकमा बन्धक बन्नु परेको भन्दै समितिले यस्तो निर्णय गरेको हो। खाडी मुलुकमा वैदेशिक रोजगारीकालागि घरेलु कामदारका रूपमा कार्य गर्न जाने महिला कामदारहरूलाई व्यक्तिगत एवं संस्थागत रूपमा नियमानुसार श्रम स्वीकृति एवं पुनः श्रम स्वीकृति दिइदै आएकोमा विशेष कारणवश सो कार्य मिति २०७३/१२/२२ गते देखि अर्को व्यवस्था नभए सम्मका लागि रोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ भनेर नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागले सूचना प्रकाशित गरेको छ।

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
०१-४७८२४५४

# सवाल

**नाला, काभ्रेपलाञ्चोक**

"शीप सिकेर विदेश जाँदा राम्रो हुन्छ भन्ने जानकारीमा आयो। तर कहाँ, कसरी, गएर शीप सिक्ने? सरकारले तोकेकै ठाउँमा जानु पर्ने हो कि, जहाँ लिए पनि हुन्छ ?"



**मेलम्ची, सिन्धुपाल्चोक**

"कुनै पनि तालिम नलिए वैदेशिक रोजगारीकालागि श्रम विभागले कसैलाई पनि श्रम स्वीकृति दिदैन भन्ने सुनियो ? त्यस्ता तालिमहरू सरकारले नै दिन्छ त ?"

# जवाफ

वैदेशिक रोजगारको लागि श्रम स्वीकृति लिनुपुर्व हरेक व्यक्तिले अनिवार्य रुपमा दुई दिनको अभिमुखिकरण तालिम लिनुपर्दछ। अभिमुखिकरण तालिम दिनका लागि नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागले ११७ वटा संस्था सूचिकृत  गरेको छ।

अभिमुखीकरण तालिममा विशेष गरेर कामदारलाई कुन देशमा जाँदा के-के गर्न हुन्छ, के-के खान मनाही छ, कहाँ हिड्न निषेध गरिएको छ, त्यस देशको रहन सहन कस्तो छ, के-के कुरालाई कानुनमा कडारूपले निषेध गरिएको छ भन्ने बारेमा जानकारी गराईन्छ।
अभिमुखिकरण तालिममा सहभागी भएनभएको सम्बन्धित तालिम प्रदायक संस्थाले अनलाईन पद्धतीबाट हाजिर गर्दछन, जसलाई वैदेशिक रोजगार विभागले सोझै अनलाईनबाट अनुगमन गर्ने गर्दछ।

इजरायलमा केयर गिभरकालागि जानेहरूको सन्दर्भमा भने अनिवार्य रुपमा सो सम्बन्धि शीपमुलक तालिम लिनुपर्दछ। जम्मा १८ वटा संस्थालेमात्र वैदेशिक रोजगार विभागबाट केयर गिभरकालागि तालिम दिने स्वीकृती प्राप्त गरेकाछन्।


**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
९८५११५५११०

# प्रश्न

**कल्याणपुर, नुवाकोट**

"अन्यायमा परेर वैदेशिक रोजगारीबाट फर्किएको कति समयसम्म उजुरी गर्न सकिन्छ ? उजुरी गर्ने प्रकृया के होला ?"

**जीवनपुर, धादिङ**

"वैदेशिक रोजगारमा रहेका व्यक्ति अन्यायमा परेमा परिवारका सदस्यले उजुरी दिन पाउँछ ? पाउँछ भने कहाँ गएर उजुरी दिन सकिन्छ ?"



**थुम्पाखर, सिन्धुपाल्चोक**

"म्यानपावर कम्पनी वा काम गरेको कम्पनीबाट ठगिएमा उनिहरू विरुद्ध कहाँ गएर उजुरी गर्न सकिएला ?"

# जवाफ

वैदेशिक रोजगारीमा गएका व्यक्ति म्यानपावर कम्पनीबाट ठगिएको खण्डमा पीडितले एक वर्ष भित्र म्यानपावर कम्पनी विरुद्ध वैदेशिक रोजगार विभागमा गएर उजुरी दिन सक्छन्।

उजुरी दर्ता भइसकेपछि वैदेशिक रोजगार विभागले सम्बन्धित म्यानपावर विरुद्ध पत्र काट्छ। सो पत्र लिएर पीडित आफै पीडक म्यानपार कम्पनीमा गएर आफूले उजुरी दिएको बारेमा जानकारी गराई विभागमा उपस्थित हुने मितिको बारेमा समेत जानकारी गराउनु पर्दछ।

तोकिएको मितिमा पीडित र पीडक दुवै पक्ष उपस्थित भएपछि विभागले दुवैको कुरा सुनेर सकेसम्म आपसी समझदारीमा मुद्दा मिलाउने कोशिस गर्दछ। यसबाट पनि मुद्दा मिल्न सकेन भने सो मुद्दाले कानुनी मान्यता पाउछ। त्यसपछि सो मुद्दा वैदेशिक रोजगार विभाग अर्न्तगतको न्यायाधीकरणमा जान्छ। सो न्यायाधीकरण वैदेशिक रोजगार अर्न्तगतको न्यायिक निकाय हो र यसले वैदेशिक रोजगार सम्बन्धि मुद्दाहरू हेर्ने काम गर्दछ। न्यायाधीकरणमा सरकारी वकिलले सो मुद्दा सरकारको तर्फबाट हेर्दछ।

यदि मुद्दा व्यक्तिगत वा गैह्रकानूनी किसिमको छ भने आजीवन मुद्दा दर्ता गर्न सकिन्छ। त्यस्ता गैह्रकानुनी र इजाजत नभएका म्यानपावर कम्पनी विरुद्धका उजुरी सिधै वैदेशिक रोजगार विभाग अर्न्तगतको न्यायाधीकरणमा जान्छन।

यदि परिवारको सदस्य विदेशमा छन् भने पनि उनिहरूका आफन्तले सिधै वैदेशिक रोजगार विभागमा गएर पीडक म्यानपावर विरुद्ध निवेदन दिन सक्दछन्।

**कृष्ण न्यौपाने**
परियोजना संयोजक
Free Legal Aid Service for Migrant Workers
पिपुल्स फोरम
९८४१४२२४७१

# मेरो कथा – अनुभुती र भोगाई



## सहि सूचनाको अभावले तपाईलाई कसरी विदेशी जेल सम्म पुऱ्याउँछ !

# ठगबहादुर श्रेष्ठ

### इर्खु, सिन्धुपाल्चोक

हामीले सिटिजन हेल्पडेस्क बुलेटिनको तेस्रो अंकमा वैदेशिक रोजगारीकालागि मलेसिया गएका ठगबहादुर श्रेष्ठको कथा प्रस्तुत गरेका थियौ। इर्खु-३ छिपीचौर, सिन्धुपाल्चोकका ४२ वर्षीय ठगबहादुर श्रेष्ठ गत असार १ गतेदेखि परिवारबाट सर्म्पक बिहीन भएका थिए। उनको अवस्था बुझ्न हामीले वैदेशिक रोजगारीमा जाँदा उनले घरमा छोडेर गएका कागजातहरू (श्रम सम्झौता, म्यानपावर कम्पनीलाई शुल्क बुझाएको रसिद, उनको पासपोर्ट, स्वास्थ्य परीक्षण) को प्रतिलिपि संकलन गरी उनको खोजीका लागि प्रकृया अगाडि बढाएका थियौ। हामीले श्रेष्ठको परिवारसंग सर्म्पक गरी वैदेशिक रोजगारीमा गएका व्यक्ति र परिवारका सदस्यहरूको अधिकारको पक्षमा काम गर्ने संस्था सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशनलाई बुझाएका थियौँ।

प्राप्त कागजातको आधारमा खोजी गर्दै जाँदा उनी मलेसिया स्थित कुलाङ जेलमा रहेको र आउदो अक्टोबर महिनामा जेलमुक्त हुने जानकारी प्राप्त भएको छ। जेल मुक्त भए पछि उनलाई अध्यागमन कार्यालयमा बुझाउने र त्यसपछिको नेपाल फर्किने प्रकृयामा सेन्टर फर माईग्रेशन एण्ड ईन्टरनेशनल रिलेशन्सले सहजकर्ताको भुमिका निर्वाह गर्ने छ।

हामी यसको प्रगती विवरण सिटिजन हेल्पडेस्क बुलेटिनको आगामी अंकमा लिएर आउनेछौ र सामाजिक संजालबाट पनि जानकारी गराउँदै जानेछौ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- नेपालमा श्रम स्वीकृति नलिई गैह्र कानूनी तवरले काम गरिरहेका गैह्र नेपाली नागरिकको बारेमा श्रम विभागको अनुरोध। (Link)
- महिला लाई घरेलु कामदारको रुपमा खाडी मुलुक जान रोक (Link)
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक सहायता लिने प्रकृया (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। चैत्र १९ गतेदेखि बैशाख १७ गतेसम्म ४ जिल्लाका करिव ७ सय ४८ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab

Local Interventions Group
data-driven development